देवदह नगरपालिका
# कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश,नेपाल

प.सं. २०७७/०७८
च.नं.

मितिः २०७८/०३/२८

देवदह नगरपालिका
कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## कोभिडको कारण मृत्यु भएकाका परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धि सूचना

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश स्वास्थ्य तथा जनसंसख्या मन्त्रालयको च.नं. ४४१ मिति २०७८/०३/१९ गतेको पत्र अनुसार कोभिड-१९ को कारणवाट मृत्यु भएका मृतकका परिवारका लागि राहत स्वरुप रु १०००००/- उपलब्ध गराउने भनि लेखि आएको हुँदा यस अघि उक्त रकम नपाएका देवदह नगरपालिका भित्र स्थायी बसोवास भएका मृतकका परिवार वा नातेदारले तपशिल बमोजिमका कागजात तयार गरि यस नगरपालिका कार्यालयको स्वास्थ्य शाखामा पेश गर्नुहुन अनुरोध छ ।

**तपशिल**

१.मृत्यदर्ताको प्रमाणपत्रको प्रतिलिपि – २ प्रति ।
२.कोभिड-१९ पोजेटिभ भएको प्रयोगशालाको सक्कल रिपोर्ट– १ प्रति ।
३.नाता प्रमाणित प्रमाणपत्र प्रतिलिपि – २ प्रति ।
४.मृतकको नागरिकताको प्रतिलिपि – २ प्रति ।
५.हकवालाको नागरिकताको प्रतिलिपि – २ प्रति ।
६.वडा कार्यालयको सिफारिस – १ प्रति ।
७.अस्पतालको मृत्यु प्रमाणपत्रको प्रतिलिपि – २ प्रति ।

२०७८/३/२८

.......................................
डिल्लीराज बेल्वासे
प्रमुख प्रशासकीय अधिकृत

डिल्लीराज बेलवासे
प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

(प्रशासन तथा योजना महाशाखा)

मुकाम: बुटवल, नेपाल

पत्र संख्या: २०७७/०७८

चलानी नं.: ६४४१

मिति: २०७८/०३/११

श्री जिल्ला प्रशासन कार्यालय सबै, लुम्बिनी प्रदेश।

श्री स्वास्थ्य कार्यालय सबै, लुम्बिनी प्रदेश।

श्री स्थानीय तह सबै, लुम्बिनी प्रदेश।

विषय: राहत रकम उपलब्ध गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा कोभिड-१९ संक्रमणका कारण मृत्यु भएका मृतकका परिवारलाई प्रति मृतक रु १ लाखका दरले राहत उपलब्ध गराउने भनि प्रदेश सरकार लुम्बिनी प्रदेश मन्त्रिपरिषदबाट मिति २०७७/०३/२० मा निर्णय भए बमोजिम यस मन्त्रालयको मिति २०७७/०४/१९ को पत्रबाट परिपत्र कार्यविधिमा सो सम्बन्धमा यस सूचना पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

कार्यविधि:

१. मृत्यु भएका मृतकको परिवारले सम्बन्धित स्थानीय तहमा मृत्यु दर्ता गराई सम्बन्धित पालिकाको स्वास्थ्य महाशाखा/शाखा वा कोभिड फोकल पर्सनलाई सो व्यहोराको जानकारी गराई मृतकको विवरण अद्यावधिक गर्नुपर्ने।

२. स्थानीय तहले ढाँचा नं. १ बमोजिमको अद्यावधिक रेकर्ड तयार पारी सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (जिल्ला प्रशासन कार्यालय)मा पठाउनु पर्ने।

३. कोभिड-१९ संक्रमणको पुष्टि भएको प्रयोगशालाको पिसिआर रिपोर्ट, कोभिड-१९ का कारण मृत्यु भएको भनि चिकित्सक वा स्वास्थ्यकर्मीबाट भएको सिफारिस (होम आइसोलेसनमा रही मृत्यु भएकाको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस), मृत्यु दर्ता प्रमाण पत्र सहितका कागजातहरु संलग्न गरी मृतकको परिवारले जिल्ला प्रशासन कार्यालयमा निवेदन पेश गर्नुपर्ने।

४. आफ्नो जिल्ला भित्रका स्थानीय तहबाट प्राप्त ढाँचा नं. २ बमोजिमको रेकर्ड एकमुष्ठ रुपमा तयार गरी स्वास्थ्य कार्यालयहरुले जिल्ला प्रशासन कार्यालय (DCCMC) मार्फत स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्ने।

५. स्वास्थ्य निर्देशनालयले मातहतका स्वास्थ्य कार्यालयहरुबाट (DCCMC) मार्फत प्राप्त रेकर्ड एकमुष्ठरुपमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय लुम्बिनी प्रदेश बुटवलमा पठाउने व्यवस्था मिलाउने।

६. यसरी प्राप्त रेकर्ड अनुसार मृतकको नजिकको नातेदारलाई रकम उपलब्ध गराउने प्रयोजनार्थ मृतकको संख्याको आधारमा प्रदेश सरकारले कोभिड कोषबाट एकमुष्ठ रुपमा राहत रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइनेछ।

७. कोभिड-१९ संक्रमणको भएको भनि पुष्टी हुने प्रयोगशालाको पिसिआर रिपोर्ट, कोभिड-१९ का कारण मृत्यु भएको भनि चिकित्सक वा स्वास्थ्यकर्मीबाट भएको सिफारिस (होम आइसोलेसनमा रही मृत्यु भएकाको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस), मृत्यु दर्ता प्रमाण पत्र सहितका कागजातहरुको आधारमा जिल्ला प्रशासन कार्यालयले मृतकको नजिकको हकदारलाई प्रति मृतक एक लाखका दरले रकम उपलब्ध गराउने व्यवस्था मिलाउने।